गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
# प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नेपाल

फोन नं: ०७८-४०१०८३
इमेल: honawalpur@gandaki.gov.np

प.स.: २०८२/८३
च. नं.:

## शुभकामना तथा सन्देश

जापानिज इन्सेफ्लाइटिस (JE) विरुद्धको विशेष खोप अभियान २०८२ सञ्चालन हुन लागेको अवसरमा यस अभियानको सफल कार्यान्वयनका लागि संलग्न सबै सरोकारवाला निकाय, स्थानीय तह, स्वास्थ्यकर्मी, स्वयंसेवक, सञ्चारमाध्यम तथा समुदायका सम्पूर्ण सदस्यहरूलाई हार्दिक धन्यवाद तथा शुभकामना व्यक्त गर्दछु। यो विशेष खोप अभियान जिल्लाका विभिन्न स्थानीय तहहरूमा **फागुन २९ गतेदेखि चैत १० गतेसम्म** सञ्चालन हुने जानकारी गराउन चाहन्छु।

अभियान सञ्चालनका लागि आवश्यक मार्गदर्शन, समन्वय तथा सहयोग प्रदान गर्नुहुने परिवार कल्याण महाशाखा-स्वास्थ्य सेवा विभाग, स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश तथा प्रादेशिक जनस्वास्थ्य केन्द्र गण्डकी प्रदेश प्रति विशेष धन्यवाद व्यक्त गर्दछु। साथै अभियानको योजना निर्माणदेखि प्रभावकारी कार्यान्वयनसम्म अग्रसर भई नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका जिल्लाभित्रका सम्पूर्ण स्थानीय तहहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछु। यस अभियानको सफलतामा स्थानीय तहहरूको सक्रिय नेतृत्व र समन्वय महत्वपूर्ण रहने विश्वास लिएको छु। जापानिज इन्सेफ्लाइटिस एक गम्भीर जनस्वास्थ्य समस्या भएकाले यसबाट समुदायलाई सुरक्षित राख्न खोप नै सबैभन्दा प्रभावकारी उपाय हो। यस अभियानमार्फत जोखिममा रहेका उमेर समूहलाई समयमै खोप प्रदान गरी रोगको संक्रमण र त्यसबाट हुने जटिलता न्यूनीकरण गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दछु।

यस अभियानलाई सफल बनाउन सबै सरोकारवालाहरूको सक्रिय सहभागिता र समुदायको सहयोग अपरिहार्य रहेकोले सबै योग्य व्यक्तिहरूलाई खोप सेवा लिन तथा अरूलाई पनि खोप लगाउन प्रेरित गर्न हार्दिक अनुरोध गर्दछु। अभियान सफल बनाउन अहोरात्र खटिनुहुने सबैप्रति धन्यवाद व्यक्त गर्दै अभियान पूर्ण रूपमा सफल होस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

वि.सं: २०८२ फागुन २९ गते शुक्रबार
नेपाल संवत: ११४६ चिल्लागा नवमी - २४

केशव प्रसाद चापागाईं
जनस्वास्थ्य प्रशासक (कार्यालय प्रमुख)

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नेपाल

फोन नं: ०७८-४०१०८३
इमेल: honawalpur@gandaki.gov.np

प.स.: २०८२/८३
च. नं.:

## *Message of Best wishes*

On the occasion of the **Japanese Encephalitis (JE) Special Vaccination Campaign 2082**, I would like to express my sincere gratitude and best wishes to all stakeholders involved in the successful implementation of this campaign, including local governments, health workers, volunteers, media representatives, and members of the community. I would also like to inform that this special vaccination campaign will be conducted in different local levels of the district from **Falgun 29 to Chaitra 10, 2082**.

I would like to extend special thanks to the Family Welfare Division-Department of Health Services, Ministry of Health Gandaki Province, and the Provincial Public Health Center, Gandaki Province for their guidance, coordination, and support in implementing this campaign. I also sincerely appreciate all the local governments within the district for their leadership and proactive role from planning to effective implementation of the campaign. I believe that the active leadership and coordination of the local governments will play a vital role in ensuring the success of this campaign.Japanese Encephalitis is a serious public health concern, and vaccination remains the most effective way to protect communities from this disease. Through this campaign, I am confident that providing timely vaccination to at-risk age groups will significantly contribute to reducing infection and preventing complications caused by the disease.
The active participation of all stakeholders and the cooperation of the community are essential for the success of this campaign. I sincerely request all eligible individuals to receive the vaccine and encourage others to do the same. I would also like to express my heartfelt appreciation to all those who are working tirelessly for the successful implementation of this campaign and extend my best wishes for its complete success.

**Date:** Friday, Falgun 29, 2082
**Nepal Sambat:** 1146 Chillaga Navami 24

**Keshav Prasad Chapagain**
Public Health Administrator (Office Chief)